# प्रसौनी गाउँपालिका
## प्रसौनी, बारा

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः १४** **मितिः २०८०।०३।३०**


भाग-२

# प्रसौनी गाउँपालिका

## प्रसौनी गाउँपालिकाको ग्यास सिलिन्डर तथा चुल्हो बितरण सम्वन्धी कार्यविधि — २०८०

**प्रस्तावनाः**

प्रसौनी गाउँपालिका क्षेत्र भित्र रहेका आर्थिक र सामाजिक रुपमा पछाडी परेका सिमान्तकृत, दलित, आदिवासी जनजाती, मधेसी, मुस्लीम, तथा बिपन्न बर्गका यस गाउँपालिका भित्र बसोवास गर्ने ब्यक्तिहरु तथा बिपन्न बर्गका सबै समुदायका महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउन, महिलाहरुको घरायसी कार्यबोझ कम गरी आयआर्जनका कृयाकलापमा प्रेरीत गर्न र बिषेश गरी महिलाहरुलाइ दाउरा माथि रहेको परनिर्भर्ता घटाउन र खान पकाउने प्रयोजनको लागी प्रयोग गरीने इन्धनको सुनिश्चितता, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ को कार्यन्वयनको लागि सोहि ऐनको दफा १०२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रसौनी गाउँपालिकाको घरायसी प्रयोजनको लागी धुवा रहित भान्साघर बनाउन ग्यास सिलिन्डर तथा ग्यास चुल्हो खरिद गरी बितरण गर्ने बाञ्छनीय भएकोले " ग्यास सिलिन्डर तथा ग्यास चुल्हो वितरण सम्वन्धी कार्यविधि — २०८०" गाउँसभाबाट मिति २०८०/०३/३० मा पारित गरी लागु गरीएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

क० यस कार्यविधिको नाम नाम ग्यास सिलिन्डर तथा ग्यास चुल्हो वितरण सम्वन्धी कार्यविधि २०८० रहेको छ ।

ख० यो कार्यविधि प्रसौनी गाउँपालिकाको गाउँ सभावाट स्वीकृत भएको मितिवाट लागु हुने छ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क० “अध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

ख० “उपाध्यक्ष” भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

ग० प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन बमोजिमका व्यवस्था भए बमोजिमको कर्मचारीलाई सम्झनु पर्छ ।

घ० कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ । सभा" भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

ङ० ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

च० वडा अध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

छ० वडा समिति" भन्नाले प्रसौनी गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्छ सदस्य" भन्नाले प्रसौनी गाउँपालिकाको कार्यपालिका सदस्य र गाउँ सभा सदस्यलाई सम्झनु पर्छ ।

ज० बितरण समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समितिलाई सम्झनु

झ० शाखा" भन्नाले प्रसौनी गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पर्छ ।

ञ० संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

ट० स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको प्रसौनी गाउँपालिका सम्झनुपर्छ ।

ठ० संयोजक" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्छ ।

ड० लाभग्राही" भन्नाले यस गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बास गरीरहेका जनतालाई सम्झनु पर्छ ।

## परिच्छेद २
## ग्यास सिलिन्डर तथा चुल्हो व्यवस्थापन सम्वन्धी प्रकृया

**३ लाभग्राही घरपरिवार छनौट प्रकृया**

क। वडा स्तरीय कार्यक्रमहरुको हकमा कच्ची घरमा बसोवास गर्ने लाभग्राही घर परिवारको तथ्यांक अनुसूची १ बमोजिम संकलन गरी वडा समितिको निर्णय बमोजिम अनुसूची -२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

ख। गाउँपालिका स्तरीय कार्यक्रमहरुको हकमा कच्ची घरमा बसोवास गर्ने लाभग्राही घर परिवारको तथ्यांक अनुसूची १ बमोजिम संकलन गरी तपसिलको समितिको निर्णय बमोजिम अनुसूची -२ को ढाँचामा दफा ५ को समिति समक्ष पठाउनु पर्नेछ ।

**तपसिल**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष वा निजले तोकेको जन–प्रतिनिधि | –सदस्य |
| सम्वन्धित वडाको वडाध्यक्ष | –सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला जन–प्रतिनिधि | –सदस्य |
| सम्वन्धित वडाको एक जना वडा सदस्य | –सदस्य |

## ४ लाभग्राही घरपरिवार छनौट आधारः

क० गाउँपालिकाको स्थायी बासिन्दा ।

ख० एक बिघा भन्दा बढी जग्गा नभएको स्थायी बासिन्दा ।

ग० नेपाली नागरिकताको प्रमाणपत्र भएको नेपाली नागरीक

घ० परीवारको कुनै पनि सदस्य नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कर्मचारीको रुपमा कार्यरत नभएको ।

ङ० यस पुर्व त्यस किसिमको कुनै सेवा सुबिधा प्राप्त नगरेको ।

## ५. गाउँपालिका स्तरीय लाभग्राही घरपरिवार छनौट समिति सम्वन्धी व्यवस्थाः

दफा ३ को उपदफा १ र उपदफा २ बमोजिमको समितिहरुबाट छनौट भै आएका लाभग्राही घरपरिवारको अन्तिम छनौट गर्न तपसिल बमोजिमको गाउँस्तरीय छनौट समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | –संयोजक |
| गाउँपालिका उपाध्यक्ष | –सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| सम्वन्धित वडाको वडाध्यक्ष | –सदस्य |
| योजना शाखा प्रमुख | –सदस्य |
| संयोजकले तोकेको १ जना महिला जन–प्रतिनिधि | –सदस्य |

क० प्रशासन शाखाको प्रमुखले सदस्य सचिवको कार्य गर्नेछ ।

ख० उपर्युक्त समिति अनुसूची–३ बमोजिमको ढाँचामा विवरण तयार गर्नेछ ।

ग० उक्त समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

## ६ जनशक्ति सम्वन्धी व्ययवस्थाः

१. लाभग्राही घरपरिवारको तथ्याङ्क संकलन गर्ने कार्यका क्रममा जनशक्ती अपुग भएमा यसै कार्यक्रमको रकमबाट खर्च व्यहोरिने गरी जिल्ला दररेटलाई आधार मानी दैनिक ज्यालादारीको रुपमा खटाई हाजिरी प्रमाणित गराई सेवा सुविधा उपलब्ध गराईनेछ ।

**७ वितरण सम्वन्धी व्यवस्था**

क० दफा ५ को समिति मार्फत छनौट भएका लाभग्राही घरपरिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो बितरण गर्न तपसिलको समिति रहनेछ ।

**तपसिल**

| | |
|---|---|
| क० गाउँपालिका अध्यक्ष | संयोजक |
| ख० सम्वन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ग० सम्वन्धित वडाको वडा सदस्यहरु | सदस्य |
| घ० गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला जन–प्रतिनिधि | सदस्य |
| ङ० सम्वन्धित वडाको एक जना वडा सदस्य | सदस्य |
| च० सम्वन्धित वडाको वडा सचिव | सदस्य सचिव |

१० उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वडामा गाउँस्तरीय कार्यक्रम नपरेको खण्डमा सम्वन्धित वडाको वडाध्यक्ष नै संयोजक हुनेछ ।

२० एक घरमा एक भन्दा बढिलाई वितरण गरिने छैन ।

३० उपर्युक्त समितिले अनुसूची–४ बमोजिमो ढाँचामा भरपाई तयार गर्नेछ ।

**८ खरिद र भुक्तानी सम्वन्धी व्यवस्थाः–**

क० लाभग्राही घरपरिवारलाई वितरण गरिने ग्यास सिलिन्डर तथा चुल्हो खरिद सम्वन्धी व्यवस्था सार्वजानिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

ख० उपदफा १ बमोजिम खरिद गरिएको ग्यास सिलिन्डर तथा चुल्होको भुक्तानी खरिद विल, वितरण भरपाई तथा अनुगमन प्रतिवेदन प्राप्त भएपछि गरिनेछ ।

## परिच्छेद ३
## विविध

**९ दण्ड जरिवानाः–**

क० यदी कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुबिधा लिएको, बिक्री बितरण गरेको प्रमाणित भएमा बितरण समान जफत गरि कानून बमोजिम कार्वाही गरीनेछ ।

ख० यदि कसैले वितरण गरिएको ग्यास सिलिन्डर तथा चुल्हो अन्य कुनै प्रयोजनको लागी प्रयोग गरीएको पाइएमा निजलाइ उक्त समाग्री बराबारको दण्ड जरीवाना गरी नगरबाट प्राप्त हुने सम्पुर्ण सेवा सुबिधा बन्द गरीनेछ ।

**१० अनुगमन समिति —**

क० ग्यास सिलिन्डर तथा चुल्हो वितरण गर्नु पूर्व वा वितरणको दौरानमा वा वितरण पछि लाभग्राहीले पाए/नपाएको कार्यक्रमको प्रभावकारीताको अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

**तपसिल**

| | |
|---|---|
| क. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख. सम्वन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ग. गाउँपालिका अध्यक्षले तोकेको १ जना जनप्रतिनिधि | सदस्य |
| घ. सम्वन्धित वडाको एक जना वडा सदस्य | सदस्य |
| ङ. योजना शाखा प्रमुख | सदस्य |

माथि उल्लेखित समितिले ग्यास सिलिन्डर तथा चुल्हो वितरणसम्बन्धी अनुगमन गर्नेछ । आवश्यकता अनुसारको सल्लाह सुझाव गाउँपालिकालाई दिनेछ ।

**११. बाधा अडकाउ फुकाउने**

यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अंडकाउ फुकाउ गर्न आदेश जारी गर्नेछ । त्यस्तो आदेश गाउँपालिकाले ३५ दिन भित्र अनुमोदन नगरे स्वतः निस्कृय हुनेछ ।

**१२. संसोधन, खारेजी तथा बचाउ —**

क) यस ऐन बमोजिम उल्लेख भएका कुरा यसै ऐन बमोजिम र उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ । संबिधान संग बाझिएका यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हद सम्म स्वतः निश्कृय हुनेछ ।

ख) यस ऐन बमोजिम उल्लेखित कुराहरुमा कुनै संसोधन गर्नु परेमा सम्बन्धीत प्रचलित ऐन नियमको परिधी भित्र रही नगर कार्यपालिकाले गर्न सक्ने छन् ।

ग) यस ऐन बमोजिम उल्लेखित कुराहरुमा हकमा यसै ऐन अनुसार र उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

घ) ऐनमा उल्लेख भएका कुराहरु नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र तत् सम्बन्धी ऐन नियमावली तथा कानुन संग बाझिएमा हद सम्म स्वतः निस्कृय हुनेछ ।

# <u>अनुसुची– १</u>

दफा ३ को (१) र (२) संग सम्वन्धित

**श्री गाउँपालिका अध्यक्ष ज्यू,** **मितिः**

**प्रसौनी गाउँपालिका, बारा ।**

**विषयः ग्यास सिलिन्डर तथा ग्यास चुल्हो पाउँ बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा ताहाँ वडा कार्यालय / गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम म तथा मेरो घरपरिवार तोकिएको लक्षित बर्गभित्र पर्ने भएकोले चापाकल प्राप्त गर्नका लागि म योग्य भएकोले यो निवेदन पेश गरेको छु । मेरो घरपरिवारको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

तपसिलः

१ घरमुलीको नाम, थरः

२ पारिवारिक विवरणः

| नामथरः | नाताः |
|---|---|
| क. ................................ | ............................ |
| ख. ................................ | ............................ |
| ग. ................................ | ............................ |
| घ. ................................ | ............................ |
| ङ) ................................ | ............................ |

जम्मा परिवार संख्याः

३. घरको अवस्था :

(क) पक्की (ख) कच्ची (ग) टहरो (घ) घर नभएको ङ) अन्य

४. आम्दानीको श्रोत :

(क) कृषि (ख) जागिर (ग) उद्योग धन्दा (घ) मजदुरी ङ) अन्य

माथि मैले लेखाएको विवरण ठिक साँचो हो यस पूर्व मेरो परिवारले सो सम्बन्धी कुनै सेवा सुविधा लिईएको छैन । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

**संलग्न कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रतिलीपि

(ख) अन्य कागजात

| दायाँ | बाँया |
|---|---|
| | |

निवेदक

नाथरः

ठेगानाः

निवेदकले दिएको व्यहोरा ठिक साचो हो भनि प्रमाणित गर्दछु।

हस्ताक्षर :

नाम :

पदः नगर प्रमुख / उप प्रमुख / वडा अध्यक्ष/का.पा सदस्य वडा सदस्य

## अनुसुची– २

दफा ३ को (१) र (२) संग सम्वन्धित

मिति

छनौट समिति / वडा समितिबाट छनौट भएको लाभग्राहीको घरपरिवारको विवरण

| सि.नं | लाभग्राहीको नामथर | ठेगाना | कच्ची घर भए/ नभएको | जागिर भए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

.................. ............................ ..................... ......................... ..................

वडा अध्यक्ष    योजना शाखा प्रमुख    प्र प्र अ    गा.पा उपाध्यक्ष    गा.पा अध्यक्ष

## अनुसुची– ३

दफा ५ संग सम्वन्धित

मिति

गाउँपालिका स्तरीय छनौट समितिबाट छनौट भएको लाभग्राहीको घरपरिवारको विवरण

| सि.नं | लाभग्राहीको नामथर | ठेगाना | कच्ची घर भए/ नभएको | जागिर भए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

| ……………… | ……………………… | ………………… | …………………… | ……………… |
|---|---|---|---|---|
| वडा अध्यक्ष | योजना शाखा प्रमुख | प्र प्र अ | गा.पा उपाध्यक्ष | गा.पा अध्यक्ष |

## अनुसुची– ४
दफा ७ संग सम्वन्धित

मिति

छनौट समितिरवडा समितिबाट छनौट भएको लाभग्राहीको घरपरिवारको विवरण

| सि.नं | लाभग्राहीको नामथर | ठेगाना | ग्यास सिलिन्डर तथा चुल्हो सेट थान १ | बुझिलिनेको सहिछाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

.................. ............ ............... ........................ ..................

वडा अध्यक्ष    योजना शाखा प्रमुख    प्र प्र अ    गा.पा उपाध्यक्ष    गा.पा अध्यक्ष

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०
प्रमाणिकरण मिति : २०८०।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत